**The Journal of Deukhuri Multiple Campus**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# शोधसामग्री विश्लेषण र निष्कर्षण प्रक्रिया

खगेन्द्र घोडासैनी (विद्यावारिधि)
उपप्राध्यापकनेपाली विभाग :
नेसंवि, जनता विद्यापीठ, बिजौरी, दाङ, नेपाल

*Article History: Submitted Aug.10, 2025; Reviewed Dec. 5, 2025; Revised Dec.10, 2025*

*Corresponding Author : Khagendra Ghodasaini, E-mail: kghodasaini2017@gmail.com*

## सार सङ्क्षेप

*शोधसामग्री विश्लेषण र निष्कर्षणका प्रक्रियाको वर्णन गरेर यो लेख तयार पारिएको हो। यसमा 'शोधसामग्री विश्लेषण र निष्कर्षणका प्रक्रियाको वर्णन गर्ने' प्रमुख उद्देश्य र 'शोधसामग्रीको विश्लेषण र निष्कर्षणका प्रक्रिया के हुन्' भन्ने प्रमुख समस्यालाई आधार बनाइको छ। यसमा गुणात्मक ढाँचाको प्रयोग गरिएको छ। यसमा तथ्यलाई गहिराइबाट अन्वेषण, वर्णन र व्याख्या गर्दै अर्थपूर्ण निष्कर्ष निकालिएको छ। यसमा अनुसन्धानको ढाँचा विवरणात्मक तथा विश्लेषणात्मक रहेको छ भने सोद्देश्यमूलक नमुना छनोट विधिमा आधारित भएर शोधसामग्री विश्लेषण र निष्कर्षणका प्रक्रियाको नमुना छनोट गरिएको छ। मुख्यत: पुस्तकहरू, नेपाली भाषाका अनुसन्धानमूलक लेखहरू, शैक्षिक प्रस्तुतीकरण नोटहरू तथा तथ्य सङ्कलनका लागि दस्तावेज विश्लेषण प्रविधि प्रयोग गरिएको हुनाले द्वितीयक स्रोतका सामग्रीको प्रयोग गरिएको छ। यसरी सङ्कलित सामग्रीको तर्किकता, तुलनात्मक र व्याख्यात्मक विश्लेषण विधिको प्रयोग गरिएको छ। सामग्री विश्लेषण सिद्धान्त, विषयवस्तुको तार्किकता, सन्दर्भको व्याख्या र शोधशैली र विधिको अन्त:सम्बन्धलाई मुख्यत: सैद्धान्तिक पर्याधार बनाइएको छ। प्रस्तुत अध्ययनमा सामग्रीको अन्त:सम्बन्ध र अन्तर्निहित भावभूमिको विश्लेषणमार्फत अनुसन्धानको उद्देश्यसँग प्रत्यक्ष सम्बन्धित मुख्य विचारहरू कसरी उद्घाटित गर्ने भन्ने कुराको वर्णन गरिएको छ। यसमा तर्कगत सुसम्बद्धता, विषयगत स्पष्टता र प्रमाणिक आधारलाई समेटेर अन्तिम निष्कर्षमा निकाल्नुपर्ने पक्षबारे उल्लेख गरिएको छ। यसरी गरिएको अध्ययनबाट शोधसामग्रीको विश्लेषण र निष्कर्षण प्रक्रियालाई कसरी वस्तुनिष्ठ, विश्वसनीय र प्रामाणिक बनाउने भन्ने कुराको पहिचान हुने अपेक्षा गरिन्छ।*

शब्दकुञ्जी: कोडिङ प्रक्रिया, गुणात्मक अनुसन्धान, तर्कात्मक व्याख्या, विषयवस्तु विश्लेष, सामग्री विश्लेषण।

## विषयपरिचय

अनुसन्धान मानव समाजको ज्ञान विस्तारको आधारशिला हो। अध्ययन, अवलोकन, परीक्षण र पुनर्परीक्षणमार्फत नयाँ तथ्य र व्याख्या प्राप्त गर्ने वैज्ञानिक प्रक्रिया अनुसन्धान हो। अनुसन्धानको सफलता त्यसमा संलग्न सामग्रीको छनोट, विश्लेषण र निष्कर्षण प्रक्रियाको वैज्ञानिकता र तार्किकतामै निर्भर गर्छ। विशेषतः जब अनुसन्धान सामग्री प्रशस्त हुन्छ तब ती सामग्रीहरूलाई व्यवस्थित, आलोचनात्मक र व्याख्यात्मक ढङ्गले विश्लेषण गरी गहिरो निष्कर्ष निकाल्नु अत्यावश्यक हुन्छ (कोठारी, सन् २००४, पृ.११२)। सामग्रीको विश्लेषण र त्यसबाट ठोस निष्कर्ष निकाल्न सक्ने क्षमता अनुसन्धानकर्ताको मूल दक्षता हो। चाहे अनुसन्धान समाजशास्त्र, भाषाशास्त्र, विज्ञान वा शिक्षाशास्त्रमा होस्, सामग्रीको अर्थबोध, सम्बन्ध विश्लेषण र निष्कर्ष निर्माणको प्रक्रिया अपरिहार्य रहन्छ।

शोध एउटा संरचित, प्रणालीगत र तर्कसङ्गत प्रक्रिया हो। यसले मानव जिज्ञासालाई तर्क, प्रमाण र परीक्षणका माध्यमबाट समाधानतर्फ उन्मुख गराउँछ। अनुसन्धानमा तथ्य सङ्कलन गर्नाले मात्र पर्याप्त हुँदैन; सङ्कलित तथ्य, दस्तावेज वा सन्दर्भहरूको आलोचनात्मक विश्लेषण र त्यसबाट सुसङ्गत निष्कर्ष निकाल्न सक्नु अनुसन्धानको लक्ष्य रहेको देखिन्छ। त्यसैले शोधसँग सम्बन्धित सामग्रीको विश्लेषण र निष्कर्ष निकाल्ने प्रक्रिया अनुसन्धानको अत्यन्त महत्त्वपूर्ण चरणका रूपमा देखिन्छ। यसले सम्पूर्ण अध्ययनको गुणस्तर निर्धारण गर्छ।

अनुसन्धानकर्ताले प्रयोग गर्ने दस्तावेज, अभिलेख, तथ्याङ्क, अन्तर्वार्ता, प्रत्यक्ष वा अप्रत्यक्ष स्रोत, प्राथमिक वा द्वितीयक स्रोत आदिलाई शोधसामग्री भनिन्छ। ती सामग्रीहरू सङ्कलन गरेपछि तिनीहरूको आलोचनात्मक विश्लेषण आवश्यक हुन्छ। यस्तो विश्लेषणमा वस्तुगतता, विश्वसनीयता, सान्दर्भिकता र वैधानिकता आवश्यक हुन्छ जसले अनुसन्धानलाई वैज्ञानिकता प्रदान गर्छ। यसमा अनुसन्धानकर्ताले प्रमाण, तर्क र व्याख्याका आधारमा ठोस निष्कर्ष प्रस्तुत गर्छन्। अनुसन्धानको अन्तिम तर अत्यन्त संवेदनशील चरण निष्कर्षण प्रक्रियाका रूपमा रहेको हुन्छ। विश्लेषणबाट प्राप्त तथ्यहरूलाई सङ्क्षेपमा संश्लेषण र व्याख्याका आधारमा व्यवस्थित गर्दै निष्कर्ष निकालिन्छ। निष्कर्ष अनुसन्धाताले अध्ययनका विषयबारे गरेका अवलोकन र तिनका आधारमा प्रस्तुत विचारहरू हुन्, जसले पाठक वा प्रयोगकर्तालाई ठोस बोध गराउँछ।

'शोधसामग्री विश्लेषण र निष्कर्षणका प्रक्रियाको वर्णन गर्नु' यस लेखको प्रमुख उद्देश्य रहेको छ। यसमा 'शोधसामग्रीको विश्लेषण र निष्कर्षणका प्रक्रिया के हुन्' भन्ने कुरा प्रस्तुत लेखको प्रमुख समस्या हो। यसले जुनसुकै क्षेत्र, विषय वा पद्धतिबारे गरिने अनुसन्धान भए तापनि यस्ता आधारभूत प्रक्रिया अपनाउन सकिने भएकाले प्रस्तुत लेखले सबै प्रकारका शोधसामग्रीको विश्लेषण र निष्कर्ष निकाल्नका लागि मार्गदर्शकका रूपमा कार्य गर्ने अपेक्षा गरिएको छ। शोधसामग्रीको विश्लेषण र निष्कर्षण प्रक्रियाको मात्रै वर्णन गर्नु यस लेखको सीमा रहेको छ।

## अध्ययन विधि

यसमा गुणात्मक अध्ययन विधि अपनाइएको छ। प्रस्तुत शीर्षकअन्तर्गत विभिन्न अनुसन्धेय विषयसँग सम्बन्धित ग्रन्थ र दस्तावेजहरूको अध्ययन गरेर तिनमा शोधसाग्रीको विश्लेषण र निष्कर्षणका के कस्ता प्रक्रिया अपनाउन सकिन्छ भन्ने विषयको पाठ विश्लेषण गरिएको छ।

अध्ययनको ढाँचा :अनुसन्धानको ढाँचा विवरणात्मक तथा विश्लेषणात्मक रहेको छ। यसमा शोधसामग्रीको प्रकृति, त्यसको विश्लेषणीय पक्ष र त्यसबाट निस्कने निष्कर्ष निर्माण प्रक्रियाको तार्किक ढङ्गले स्पष्ट पारिएको छ।

नमुना छनोट: प्रस्तुत अध्ययनमा अनुसन्धानका विभिन्न ढाँचासँग सम्बन्धित पक्षमध्ये सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा शोधसामग्रीको विश्लेषण र निष्कर्षण प्रक्रियाका मुख्य प्रावधानहरूको समीक्षा गर्ने कार्य छनोट गरिएको छ।

सामग्री सङ्कलनका साधानहरू :मुख्य रूपमा द्वितीयक स्रोतहरू प्रयोग गरिएको छ। यसमा अनुसन्धान पद्धतिका पुस्तकहरूशैक्षिक प्रस्तुतीकरण नोटहरू तथा तथ्य ,नेपाली भाषाका अनुसन्धानमूलक लेखहरू , सङ्कलनका लागि दस्तावेज विश्लेषण प्रविधि अपनाइएको छ।

तथ्य विश्लेषण प्रक्रिया :तथ्य विश्लेषणका लागि सामग्री विश्लेषण विधि प्रयोग गरिएको छ। यसमा सङ्कलित सैद्धान्तिक, विधिगत र शैलीसम्बन्धी सूचनाहरूलाई कोडिङ, वर्गीकरण र समुच्चयन गरेर विश्लेषण गरिएको छ। यसमा उद्धरण लेख्ने ढाँचा ,तर्किकतातुलनात्मक र व्याख्यात्मक विश्लेषण , गरिएको छ।

## सैद्धान्तिक पर्याधार

अनुसन्धानको वैज्ञानिकता, वैधता र विश्वसनीयता निर्धारण गर्ने महत्त्वपूर्ण पक्ष भनेको शोधसामग्रीको विश्लेषण र निष्कर्षण प्रक्रिया हो। यस्ता प्रक्रिया स्थिर र समान ढाँचामा आधारित हुँदैनन्; बरु अनुसन्धानको प्रकृति, उद्देश्य र सामग्रीअनुसार तिनको प्रयोग फरक हुन्छ। यद्यपि सैद्धान्तिक रूपमा विश्लेषण प्रक्रिया केही सार्वभौमिक मान्यता र प्रविधिहरूमा आधारित हुन्छन्, जसले अनुसन्धानलाई तर्कसङ्गत, व्याख्यात्मक र पुनरावृत्ति योग्य बनाउँछ।

क्रिपेन्डोर्फ २००४)) का अनुसार सामग्री विश्लेषण एक यस्तो अनुसन्धान प्रविधि हो जसले कुनै पनि पाठ वा त्यससँग सम्बन्धित अर्थपूर्ण सामग्रीबाट तिनीहरूको प्रयोग सन्दर्भमा वैध र पुनरावृत्त हुनसक्ने निष्कर्ष निकाल्न सहायता गर्दछ १८.पृ))। यो विश्लेषण पद्धतिले पाठको अर्थ, त्यसको उपयोग र त्यसबाट उत्पन्न हुन सक्ने सन्देशहरूमा केन्द्रित हुन्छ। उनी स्पष्ट रूपमा भन्छन्, "पाठ्यवस्तुलाई यसको प्रयोगका सन्दर्भमा मात्र व्याख्या गर्न सकिन्छ)"पृ२२ .)। यस दृष्टिकोणले सामग्रीको विश्लेषण गर्दा सन्दर्भको भूमिकालाई पुष्टि गर्दछ। गुणात्मक अनुसन्धानमा सामाजिक वा मानवीय समस्याको अन्वेषण हुन्छ ४.पृ))। यसले सन्दर्भपरक व्याख्या, सहभागीको अनुभव र अर्थ निर्माणमा केन्द्रित भएर कार्य गर्छ, जसले गहिरो विश्लेषणमा टेवा पुऱ्याउँछ।

विश्लेषण प्रक्रिया विशेषगरी विषयगत विश्लेषणमा आधारित हुँदा ब्राउन र क्लार्क २००६)) को दृष्टिकोण उपयोगी हुन्छ। उनीहरू भन्छन्, “विषयगत विश्लेषण भनेको तथ्यभित्रका ढाँचाहरू (विषयवस्तुहरू) पहिचान गर्ने, विश्लेषण गर्ने र रिपोर्ट गर्ने एउटा विधि हो) ”पृ७९ .)। यसले विषयवस्तुको संरचना, दोहोरिने प्रतिमान र सन्देशहरूको सङ्गठन गर्न अनुसन्धानकर्तालाई सघाउँछ।

यसरी क्रिपेन्डोर्फ, क्रेसवेल र ब्राउनक्लार्कका दृष्टिकोणहरूको संयोजनबाट एक सुदृढ सैद्धान्तिक – पर्याधार तयार हुन्छ, जसमा सन्दर्भपरक व्याख्या, पुनरावृत्तता, विश्वसनीयता, वैधता र विषयगत विश्लेषणजस्ता आधारहरू प्रमुख हुन्छन्। यस्ता आधारहरूले अनुसन्धानलाई तटस्थ, व्यवस्थित र विश्वासिलो बनाउँछन्, जसबाट वैज्ञानिक निष्कर्ष निकाल्न सहज हुन्छ। अनुसन्धानमा तथ्यहरू केवल सङ्कलन गर्नु पर्याप्त हुँदैन; तिनको गहिरो विश्लेषण र तर्कसङ्गत निष्कर्ष निकाल्नु पनि अनुसन्धानको प्रमुख कार्य हो। त्यसका लागि निम्नलिखित आधारहरू औल्याउन सकिन्छ:

सामग्री विश्लेषण सिद्धान्त: सामग्री विश्लेषण एक वैज्ञानिक विधि हो। यसको प्रयोगद्वारा अनुसन्धानकर्ताले पाठ्य, श्रव्य वा दृश्य सामग्रीबाट अर्थपूर्ण ढाँचाहरू पहिचान र व्याख्या गर्दछन्। यस प्रक्रियाले सामग्रीलाई कोडिङ, वर्गीकरण र समुच्चयनजस्ता प्रविधिबाट विश्लेषण गरी निष्कर्ष निकाल्न सहयोग गर्दछ। सामग्री “ विश्लेषण भनेको पाठहरू वा अन्य अर्थपूर्ण विषयवस्तुबाट तिनीहरूको प्रयोगका सन्दर्भमा यथार्थमूलक र वैध निष्कर्षहरू बनाउने अनुसन्धान प्रविधि हो) ”क्रिपेन्डोर्फ, सन् २००४ पृ१८ .)। यसबाट सामग्री विश्लेषण विधिबाट तथ्यलाई पहिल्याउन मद्दत पुग्ने देखिन्छ।

विषयवस्तु विश्लेषण: गुणात्मक अनुसन्धानमा यो विधि निकै प्रयोगशील छ। यसले तथ्यगत सामग्रीमा दोहोरिने विचार, अवधारणा वा ढाँचाहरूको पहिचान र व्याख्या गर्दछ। विषयगत विश्लेषण भनेको “ तथ्यभित्रका ढाँचाहरू पहिचान गर्ने (विषयवस्तुहरू), विश्लेषण गर्ने र रिपोर्ट गर्ने एउटा विधि हो) ”ब्राउन र क्लार्क, सन् २००६७९ .पृ,)। यसले गुणात्मक तथ्यबाट तात्त्विक निष्कर्ष निकाल्न आधार दिन्छ।

तर्कात्मक विश्लेषण र सन्दर्भको व्याख्या: शोधसामग्रीको विश्लेषण केवल तथ्य प्रस्तुतिमा सीमित हुँदैन; तिनको तर्कसङ्गत व्याख्या अनिवार्य हुन्छ। गुणात्मक अनुसन्धानले गुणात्मक “ समेट्छ। ”सान्दर्भिक अर्थ“ अनुसन्धानकर्ताहरूले सन्दर्भ, व्यक्तिपरक अर्थ र व्याख्यात्मक बुझाइको मूल्यमा जोड दिन्छन्) ”न्युमनसन् , ,२०११पृ१६५ .)। शोधमा तार्किता र सन्दर्भको उचित व्याख्या गरेर पनि सामग्रीको उचित तरिकाले विश्लेषण गर्न सकिन्छ।

शोधशैली र विधिको अन्तःसम्बन्ध: गुणात्मक अनुसन्धानमा तथ्य सङ्कलन, विश्लेषण र निष्कर्षण प्रक्रियाहरू परस्पर सम्बन्धित रहेका हुन्छन्। गुणात्मक अनुसन्धानमा" तथ्य सङ्कलन, विश्लेषण र व्याख्या एकैसाथ र अन्तरक्रियात्मक रूपमा अगाडि बढ्छन् ,२०१२सन् ,क्रेसवेल) "पृ।(२३८ . सामग्रीको विश्लेषण र निष्कर्षण प्रक्रियामा शोधशैली र विधिका बिच अन्तर्सम्बन्ध बनाउन आवश्यक देखिन्छ।

समग्रमा शोधसामग्री विश्लेषण र निष्कर्षण प्रक्रिया कुनै निश्चित ढाँचामा सीमित नहुने तर अनुसन्धानको प्रकृति, उद्देश्य र प्रयोग गरिने सामग्रीअनुसार अनुकूल हुनुपर्ने लचिलो कार्यप्रणाली हो। वैज्ञानिक अनुसन्धानको विश्वसनीयता, वैधता र पुनरावृत्तताको सुनिश्चितता यस प्रक्रियामाथि नै निर्भर हुन्छ। क्रिपेन्डोर्फ २००४)) द्वारा प्रतिपादित सामग्री विश्लेषण विधिले सामग्रीको प्रयोग सन्दर्भका आधारमा अर्थपूर्ण निष्कर्ष निकाल्ने वैज्ञानिक ढाँचा प्रदान गर्दछ। ब्राउन र क्लार्क २००६)) को विषयवस्तु विश्लेषण प्रविधिले गुणात्मक तथ्यमा रहेका ढाँचाहरूको पहिचान र विश्लेषणमा सहयोग गर्छ भने क्रेसवेल २०१२)) र न्यूमन २०११)) का दृष्टिकोणले गुणात्मक अनुसन्धानमा सान्दर्भिकता, सहभागिता र व्याख्यात्मक विश्लेषणको महत्त्वलाई उजागर गर्छन्। यही दृष्टिकोणलाई अँगालेर प्रस्तुत लेखको विश्लेषण गर्ने प्रयास गरिएको छ।

## छलफल र विश्लेषण

शोधसामग्री विश्लेषण प्रक्रिया र शोधसामग्रीको निष्कर्षण प्रक्रियालाई क्रमशसामग्री विश्लेषण : तर्कात्मक विश्लेषण र सन्दर्भको व्याख्या र शोधशैली र विधिको अन्तःसम्बन्ध ,विषयवस्तु विश्लेषण ,सिद्धान्त जस्ता शीर्षकमा आधारित भएर छलफल तथा विश्लेषण गरिएको छ।

### शोधसामग्री विश्लेषणका प्रक्रिया

उपलब्ध तथ्य, कागजात, अभिलेख, वार्तालाप, साहित्यिक र ऐतिहासिक दस्तावेज, प्रश्नावली वा अवलोकनबाट सङ्कलन गरिएका सामग्रीहरूलाई वैज्ञानिक ढङ्गले परीक्षण, व्याख्या र मूल्याङ्कन गर्ने प्रक्रियालाई शोधसामग्री विश्लेषण भनिन्छ। यसको मुख्य उद्देश्य सङ्कलित सामग्रीबाट अर्थपूर्ण निष्कर्ष निकाल्नु हो। यसलाई निम्नलिखत रूपमा वर्णन गरिएको छ :

### सामग्री विश्लेषण सिद्धान्त

विविध शोधसामग्रीको विश्लेषण निष्कर्ष निकाल्न सामग्री विश्लेषण सिद्धान्तको प्रयोग गरिन्छ। माइल्स र अन्य (२०१४सन् ) ले गुणात्मक शोधसामग्री विश्लेषणका पाँच प्रमुख प्रक्रिया चरणहरू वर्णन गरेका छन्। यसले अनुसन्धानकर्तालाई शोधसामग्री सङ्कलनदेखि विश्लेषणसम्मको सम्पूर्ण यात्रा स्पष्ट रूपमा देखाउँछ। यी चरणहरू अन्वेषण, वर्णन, क्रमबद्धता, व्याख्या र पूर्वानुमान हुन्। यी चरणहरूको उपयोग गर्दा सैद्धान्तिक स्पष्टता मात्र होइन, विश्लेषणको गहिराइ र सान्दर्भिक मूल्य पनि बढ्छ। देवकोटाका निबन्धमा ' :शीर्षकका सन्दर्भमा यी चरणहरूको व्याख्या निम्नलिखित रूपमा गर्न सकिन्छ 'व्यङ्ग्य

अन्वेषण: यस चरणमा अनुसन्धानकर्ताले शोधसामग्रीभित्र लुकेका ढाँचाहरू, विषयवस्तुहरू र सम्बन्धहरू पहिचान गर्न प्रारम्भिक विश्लेषण गर्छन्। यसमा कोडिङ गरिन्छ अर्थात् शोधसामग्रीका कतिपय अंशहरूलाई मुख्य थिम वा मुद्दासँग जोडेर चिह्न लगाएर जे सामग्रीको अध्ययनबाट धारणा बन्छ त्यसको मेमो अर्थात् बनेका धारणालाई लेखन गरिन्छ। यसमा अनुसन्धानकर्ताले सामग्री पढ्दा मनमा उत्पन्न भएको प्रारम्भिक सोच वा धारणा लिपिबद्ध गर्छन्, जस्तै: 'मीभलाद्' निबन्धको प्रारम्भिक विश्लेषण गर्दा सामाजिक ढोँग, नक्कली शिष्टता, बाह्य प्रदर्शनप्रतिको आग्रहजस्ता तत्त्वहरू पहिचान गर्न सकिन्छ। अनुसन्धानकर्ताले

यस्ता विषयहरूलाई चिह्न लगाई मेमोमा टिपोट गर्न सक्छन् (माइल्स र अन्य, सन् २०१४, पृ।(८५–७० . अन्वेषण नगरेर शोध नहुने हुँदा यो शोधका लागि नभई नहुने पक्ष मानिन्छ।

वर्णन: यस चरणमा शोधसामग्रीभित्रका घटनाहरू, प्रक्रियाहरू र सहभागीहरूको विस्तृत वर्णन गरिन्छ। यसले पाठकलाई अनुसन्धानको सन्दर्भ र पृष्ठभूमि बुझ्न मद्दत गर्छ:स्तैज , 'हाइहाइ अङ्ग्रेजी' निबन्धमा अङ्ग्रेजी भाषाप्रतिको अन्धानुकरण, भाषिक दम्भ र स्थानीय भाषाप्रतिको उपेक्षाबारे जीवन्त वर्णन गरिएको छ। अनुसन्धानकर्ताले यस्ता अंशहरूको वर्णन गर्दा त्यस बखतको समाजमा भाषिक हैसियतले राजनीतिलाई स्पष्ट रूपमा चित्रण गर्न सक्छन् (माइल्स र अन्य, सन् २०१४, पृ।(१०५-८६ . वर्णन गर्नाले शोधका बारेमा थप स्पष्ट हुन मद्दत पुग्छ।

क्रमबद्धता: यस चरणमा शोधसामग्रीभित्रका घटनाहरू र प्रक्रियाहरूलाई तार्किक क्रममा राखिन्छ। यसले घटनाहरूको कारण र परिणाम सम्बन्ध बुझ्न सहयोग गर्छ:जस्तै , 'गधा बुद्धिमान् कि गुरु' निबन्धमा क्रमशः गधाका माध्यमबाट गुरुको अस्तित्वमाथिको प्रश्न उठाइएको छ। घटनाहरू क्रमशः गधाको विशेषता, समाजको धारणाजस्तो विषयवस्तु हुँदै गुरुको भूमिकासम्म पुग्दछ। यसलाई ,व्यङ्ग्यात्मक ,प्रतीकात्मक प्रयोग' ज 'सामाजिक प्रश्न ,तुलनात्मकस्ता विषयमा केन्द्रित भएर अध्ययन गर्न सकिन्छ (माइल्स र अन्य, सन् २०१४, पृ।(१२५–१०६ . घटनाको आरम्भ र अन्यका बिचको क्रम पहिल्याउन यसले सघाउ पुऱ्याउँछ।

व्याख्या: यस चरणमा शोधसामग्रीभित्रका ढाँचाहरू र सम्बन्धहरूको गहिरो व्याख्या गरिन्छ। यसले अनुसन्धानको निष्कर्षहरूलाई सुदृढ बनाउँछ (माइल्स र अन्य, सन् २०१४, पृ:जस्तै ,(१४५–१२६ . 'भलाद्मी'मा देखाइएको देखावटीपन,'हाइहाइ अङ्ग्रेजी' मा भाषिक उपनिवेशको झल्को र 'गधा बुद्धिमान् कि गुरु' मा सामाजिक विडम्बना जस्ता पक्ष देखिन्छन्। यी सबैको व्याख्या गर्दै देवकोटाका निबन्धहरू केवल मनोरञ्जन होइनन्, सामाजिक आलोचना र चेतना जागरणका सशक्त उपकरण हुन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

पूर्वानुमान: यसमा विश्लेषणका आधारमा भविष्यका घटनाहरू वा प्रवृत्तिहरूको अनुमान गरिन्छ। यसले अनुसन्धानलाई व्यावहारिक मूल्य दिन्छ (माइल्स र अन्य, सन् २०१४, पृ। देवकोटाको(१६५–१४६ . 'हाइहाइ अङ्ग्रेजी' निबन्धमा देखिएको अङ्ग्रेजी भाषाप्रतिको मोह आजको शिक्षापद्धति र भाषिक प्राथमिकतामा अझ गहिरो रूपमा देखा परेको छ। यस्ता विश्लेषणका आधारमा भाषिक असन्तुलनले सांस्कृतिक पहिचानमाथि अझै असर पार्न सक्ने सम्भावना रहेको निष्कर्ष निकाल्न सकिन्छ। यसरी शोध गर्नुअघि यसले दिने परिणामको अनुमान गर्न यो निकै उल्लेख्य मानिन्छ।

गुणात्मक शोधसामग्री विश्लेषण गर्दा माइल्स र अन्य (२०१४) द्वारा प्रतिपादित पाँच प्रमुख चरणहरूको उपयोगले अनुसन्धान प्रक्रियालाई गहिरो र संरचनात्मक बनाउने देखिन्छ। लक्ष्मीप्रसाद ' जस्ता शीर्षकमा आधारित साहित्यिक तथा भाषिक सामग्रीहरूमा यी चरणहरू 'देवकोटाका निबन्धमा व्यङ्ग्य प्रयोग गरेर शोध गर्नाले भाषा र साहित्यको अन्तर्बोध मात्रै नभई त्यसमा समेटिएको सामाजिक, भाषिक र बौद्धिक विमर्श पनि उजागर गर्न सकिन्छ। गुणात्मक शोधसामग्री विश्लेषण गर्दा यी प्रमुख पाँच ओटा

चरणहरूको उपयोग गर्नाले अनुसन्धानकर्तालाई शोधसामग्री सङ्कलन र विश्लेषणको सिद्धान्तलाई व्यावहारिक रूप दिन मद्दत गर्ने देखिन्छ।

विषयवस्तु विश्लेषण: शोधसामग्री विश्लेषण भनेको शोधका लागि चयन गरिएका विषयवस्तुको विश्लेषण हो। यसका लागि निम्नलिखित प्रक्रिया अपनाउनुपर्छ:

सामग्री छनोट :सर्वप्रथम अनुसन्धानको उद्देश्यअनुसार प्रयोग गर्नुपर्ने सामग्री पहिचान र चयन गरिन्छ। सामग्री प्राथमिक र द्वितीयक कोठारी) (दुवै हुन सक्छन्), सन् २००४,पृलक्ष्मीप्रसाद ' ।(१११–९५. देवकोटाका निबन्धमा व्यङ्ग्य जस्ता शीर्षकमा आधारित 'सामग्रीहरू प्राथमिक स्रोतका हुन्, जसले नेपाली समाजको विविध पक्षमाथि व्यङ्ग्यात्मक तर गहिरो दृष्टिकोण प्रस्तुत गर्छन्। यसरी छनोट गरिएका सामग्रीको निर्धारित स्रोतहरूबाट सङ्कलन गरिन्छ। त्यस्ता स्रोतहरू पुस्तक, जर्नल, पत्रपत्रिका, अभिलेख, इन्टरनेट स्रोतहरू, प्रत्यक्ष अवलोकन आदिबाट सामग्री सङ्कलन हुन्छ क्रेसवेल), सन् २०१४, पृ।(२२५–२०४. सामग्रीको छनोटले परिणाम दिने हुँदा यसलाई विचारणीय पाटो मानिन्छ।

सामग्री वर्गीकरण :सङ्कलित सामग्रीलाई विषयवस्तु प्रकार वा स्रोतअनुसार वर्गीकरण गरिन्छ। वर्गीकरण गर्दा मिल्दाजुल्दा जानकारीहरू समूहबद्ध गरेर शोधका उपशीर्षकअनुसार व्यवस्थित गरिन्छ फ्लिक), सन् २०१४, पृ:। जस्तै(३३३–३०५.

- भलाद्मी→ सामाजिक ढोंग र बाह्य प्रदर्शनको आलोचना
- हाइहाइ अङ्ग्रेजी → भाषिक आत्महीनता र उपनिवेशीय प्रभाव
- गधा बुद्धिमान् कि गुरु → अन्धश्रद्धा र शिक्षाको विडम्बना

यसरी वर्गीकरण गर्दा निबन्धका विषयगत सन्देशहरू छुट्याउन सकिन्छ, जुन अनुसन्धानको उपशीर्षक र विश्लेषणका आधार बन्न सक्छन्।

गहिरो अध्ययन र विश्लेषण विधि :त्यस्तो सामग्रीलाई गहिरो अध्ययन गरी अर्थ निकालिन्छ। गुणात्मक वा मात्रात्मक विश्लेषण विधि अपनाइन्छ। विशेषतः विषयगत विश्लेषण, सन्दर्भ विश्लेषण वा सङ्ख्यात्मक विश्लेषण गर्न सकिन्छ ब्रौन र क्लार्क), सन् २००६, पृलक्ष्मीप्रसाद देवकोटाका ' ।(८०–७७. -शीर्षकमा आधारित भएर हेर्दा 'निबन्धमा व्यङ्ग्य

- विषयगत विश्लेषण गर्दा 'मीभलाद्' निबन्धमा 'नक्कली भद्रता', छेपारे प्रवृत्ति' र 'सामाजिक प्रदर्शन' जस्ता थिमहरू निस्कन्छन्।
- सन्दर्भ विश्लेषण गर्दा 'हाइहाइ अङ्ग्रेजी' मा औपनिवेशिक मानसिकता, भाषिक हीनभावना र शिक्षा प्रणालीबाट उत्पन्न प्रभावको सन्दर्भ पत्ता लाग्छ।
- यिनै सामग्रीलाई गुणात्मक कोडिङ र व्याख्यात्मक नोट मेमोमा आधारित)) का आधारमा व्यवस्थित गर्न सकिन्छ।

अर्थ निर्माण र व्याख्या :विश्लेषणबाट प्राप्त तथ्य र प्रवृत्तिहरूको अर्थ निकालिन्छ। अनुसन्धान प्रश्न वा लक्ष्यसँग सम्बन्धित भएर सामग्रीले के कस्तो अर्थ राख्छ भन्ने व्याख्या गरिन्छ मार्सल र रोसमान), सन् २०१६, पृ। यसबाट विश्लेष्य सामग्रीप्रति समाजको दृष्टकोण पत्ता लाग्छ।(२३६–२०७.

निष्कर्ष र प्रतिवेदन लेखन :यसरी व्याख्या गर्दै जाँदा शोधसामग्रीको आकार बढ्दै जान्छ। त्यही विस्तृत सामग्रीबाट निष्कर्ष र प्रतिवेदन तयार पारिन्छ। सम्पूर्ण विश्लेषणको निष्कर्ष निकालिन्छ। अनुसन्धान प्रतिवेदन वा शोधलेख तयार गरिन्छ बेस्ट र काह्न), सन् २००६, पृटाका निबन्धमा लक्ष्मीप्रसाद देवको' ।(४०–३९. शीर्षकमा आधारित निबन्धहरूबाट सामाजिक यथार्थको तहगत व्याख्या गरी 'व्यङ्ग्य, अन्ततः नेपाली समाजको परम्परा, शिक्षापद्धति, भाषिक प्रवृत्ति र नैतिक संरचनाका विषयमा आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्दै सारगर्भित निष्कर्ष निकाल्न सकिन्छ।

विषयवस्तुमा आधारित शोधसामग्रीको विश्लेषण गर्न सामग्रीको पहिचान, वर्गीकरण, गहिरो अध्ययन, विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ। यसरी गरिएको विश्लेषणले भाषिक र साहित्यिक कृतिहरूभित्र लुकेका सामाजिक, भाषिक, सांस्कृतिक र बौद्धिक सन्देशहरू उजागर गर्छ। यसरी प्रत्येक विषयवस्तुमा आधारित शोधसामग्रीको विश्लेषण गरेर निष्कर्ष निकाल्न सकिन्छ।

तर्कात्मक विश्लेषण र सन्दर्भको व्याख्या :शोधसामग्रीको विश्लेषण केवल तथ्यको साधारणीकरणमा सीमित हुँदैन; यसमा गहिरो तर्क, सन्दर्भको बुझाइ र सन्देशको विश्लेषण आवश्यक हुन्छ। विशेषतः गुणात्मक अनुसन्धानले समेट्छ। 'सान्दर्भिक अर्थ' गुणात्मक अनुसन्धानकर्ताहरूले सन्दर्भ, व्यक्तिपरक अर्थ र व्याख्यात्मक बुझाइको मूल्यमा जोड दिन्छन्) न्युमन सन् २०११, पृ(१६५.। यस अवधारणाको व्यावहारिक प्रयोग लक्ष्मीप्रसाद देवकोटाका निबन्धहरूमार्फत बुझ्न सकिन्छ।

सन्दर्भगत विश्लेषण: देवकोटाका निबन्धहरू सामाजिक यथार्थलाई तीक्ष्ण व्यङ्ग्यका माध्यमबाट प्रस्तुत गर्छन्। भलाद्मी निबन्धमा देखाइएको ‘भद्रता’ को नक्कली आवरण वास्तविक समाजको ढोँगयुक्त चरित्रलाई उजागर गर्ने सन्दर्भ हो। त्यसैले यस निबन्धको विश्लेषण गर्दा तत्कालीन समाजको मध्यमवर्गीय नैतिकताको अवस्था खोलेर हेर्नुपर्छ। यस्ता सान्दर्भिक पृष्ठभूमिले पाठ्य सामग्रीको ‘किन र कसरी’ भन्ने पक्षलाई स्पष्ट पार्न सहयोग गर्छ।

व्यक्तिपरक अर्थ निर्माण: 'हाइहाइ अङ्ग्रेजी' मा प्रस्तुत पात्रहरूको व्यवहार अङ्ग्रेजी भाषाप्रतिको अन्ध-आस्थाको प्रतिविम्ब हो। देवकोटाले भाषिक उपनिवेशवादप्रतिको चेतावनी दिएका छन्। यसको विश्लेषण गर्दा पाठमा प्रत्यक्ष देखिने हास्यभित्र लुकेको गहिरो चिन्तनलाई आत्मसात् गर्नुपर्छ। सहभागीहरू (पात्रहरू) ले बोलेका संवाद र उनीहरूका व्यवहारको मूल्याङ्कन गरी प्राप्त दृष्टिकोणअनुसार अर्थ निकाल्न आवश्यक हुन्छ।

तथ्यबाट व्याख्यामा रूपान्तरण: 'गधा बुद्धिमान् कि गुरु' मा देवकोटाले गधालाई व्यङ्ग्यात्मक ढङ्गले प्रयोग गरेका छन् तर वास्तविक रूपमा उनले समाजमा विद्यमान अज्ञानता, अन्धश्रद्धा र शिक्षकप्रतिको उपहासलाई उजागर गरेका छन्। तथ्यमा ‘गधा’ पात्रको उल्लेख छ; तर त्यो केको प्रतीक हो? त्यो व्याख्या तर्कका

माध्यमबाट गर्नुपर्छ। यस्तै उदाहरणहरू अनुसन्धानमा पनि हुन्छन् जहाँ देखिने तथ्यभित्र लुकेको अर्थ खोजेर व्याख्या गर्नुपर्छ।

विषयवस्तुको विकास र विश्लेषण: देवकोटाका निबन्धहरूबाट केही मूल थिमहरू निकाल्न सकिन्छ:

- सामाजिक ढोँग र नक्कली शिष्टता (भलाद्मी)
- औपचारिक शिक्षाको चाप र भाषिक दम्भ (हाइहाइ अङ्ग्रेजी)
- अन्धविश्वास र शिक्षा/शिक्षकप्रतिको अवमूल्यन (गधा बुद्धिमान् कि गुरु)

अनुसन्धान सामग्री पनि यस्तै ढाँचामा वर्गीकृत गरिन्छ। विषयवस्तुको विकासले तथ्यहरूलाई संरचनात्मक ढाँचामा राखेर गहिरो विश्लेषण गर्न सहयोग गर्छ।

तर्क र सन्दर्भको समायोजन: 'लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य' शीर्षकमा समेटिएका निबन्धहरू केवल रमाइला व्यङ्ग्य होइनन्, ती सामाजिक आलोचनाका गहिरा दस्तावेज हुन्। तिनको विश्लेषण गर्दा समाजशास्त्र, भाषाशास्त्र वा व्याख्यात्मक सिद्धान्तहरूका आधारहरूको उपयोग गरेको अवस्थामा त्यसले अनुसन्धानलाई गहिराइमा पुर्‍याउँछ। यसै गरी कुनै गुणात्मक अध्ययनमा प्राप्त सामग्रीको तर्कसङ्गत विश्लेषण पनि केवल अनुभव होइन, अनुभवका कारण, असर र त्यसले सिर्जना गर्ने सन्देश समेट्ने गरी गर्नुपर्छ।

गुणात्मक अनुसन्धानले सन्दर्भमा आधारित अर्थ निर्माणलाई महत्त्व दिन्छ। 'लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य' शीर्षकमा समेटिएका निबन्धहरूले पाठ वा तथ्यहरूलाई सतही रूपमा होइन, तिनको सन्दर्भ, पात्रका दृष्टिकोण र सन्देशका तहहरू समेटेर विश्लेषण गर्नुपर्छ भन्ने कुराको सङ्केत गरेका छन्। अनुसन्धानमा पनि यस्तै दृष्टिकोण आवश्यक हुन्छ जसमा तथ्य, तर्क र सन्दर्भको गहिरो सम्बन्ध स्थापित गरेर मात्रै विश्वसनीय र समृद्ध विश्लेषण सम्भव हुन्छ।

साङ्ख्यिकीय विश्लेषण र सन्दर्भको व्याख्या: शोधसामग्रीको विश्लेषण केवल गुणात्मक प्रविधिबाट मात्रै सम्भव हुँदैन। परिमाणात्मक वा साङ्ख्यिकीय शोधसामग्रीको विश्लेषणका केही भिन्न विधिहरू छन्। त्यसबारे कोठारी (सन् २००४) ले साङ्ख्यिकीय शोधसामग्रीको विश्लेषण गर्न तथ्यलाई प्रशोधन गर्नुपर्ने कुरा उल्लेख गरेका छन्। यसका लागि सर्वप्रथम सङ्कलित कच्चा शोधसामग्रीमा त्रुटिहरू पत्ता लगाई सुधार गर्ने प्रक्रिया अपनाएर सम्पादन गर्नुपर्छ। त्यसपछि तथ्यलाई वर्गीकृत गरेर प्रतीकहरूमा रूपान्तरण गर्ने जसबाट तालिकामा राख्न र गणना गर्न सजिलो बनाउँछ। वर्गीकृत शोधसामग्रीलाई तालिकाका रूपमा प्रस्तुत गर्नाले विश्लेषणमा सहजीकरण गर्छ।

साङ्ख्किीय विश्लेषणका तत्त्वहरू जस्तै केन्द्रीय प्रवृत्तिको मापन, मध्य, माध्यिका, मोड आदिको प्रयोग गरेर तालिकाको विश्लेषण गर्नुपर्छ। विश्लेषण गर्दा विचलनको मापन, विस्तार, मानक विचलन, असमानताको मापन, झुकाव, चपलता सम्बन्धको मापन, सरल प्रतिगमन विश्लेषण, बहुविध सहसम्बन्ध र प्रतिगमन, आंशिक सहसम्बन्ध (पृ.१२२–१५१) आदि तथ्याङ्कशास्त्रीय विधिहरूको उपयोग गरेर विश्लेषण गर्न सुझाइएको पाइन्छ।

शोधशैली र विधिको अन्तःसम्बन्ध: शोधका विभिन्न अङ्गहरूमा प्रयोग हुने शोधको शैलीमा एकरूपता हुनुपर्छ। विश्लेषणका सामग्रीहरू जोडजाड गरेर तयार पारिएका छन् भने तिनका बिच एकरूपता कायम गर्न कठिनाइ हुन्छ। सम्पादन कलामा निपुण नभएका व्यक्तिबाट पनि एकरूपता कामम हुन समस्या देखिन्छ। यसका साथै शोधमा प्रयोग हुने उद्धरण र सन्दर्भको उचित तरिकाले प्रयोग भएमा शोधशैली उचित ठानिन्छ। शोधर्थीले कस्तो विधि प्रयोग गरेर शोध सम्पन्न गरेको छ त्यसका आधारमा शोधविधिको अन्तसम्बन्ध हेर्ने : गरिन्छ। यदि गुणात्मकतथ्यको प्रयोग गरिएको छ भने विश्लेषणमा विषयवस्तु विश्लेषण, कथानक विश्लेषण आदि प्रविधिहरू प्रयोग गरिन्छ तर यदि परिमाणात्मक विधिको प्रयोग गरेर तथ्य सङ्कलन गरिएको छ भने परिमाणात्मक तथ्याङ्कका आधारमा विश्लेषणका विधिहरू भिन्न हुन जान्छन्। परिमाणात्मक शोध विधिको प्रयोग भएको अवस्थामा तथ्यको विश्लेषण गर्दा परिकल्पना परीक्षण ,टिटेस्ट-, एफटेस्ट-, काइस्क्वायर टेस्ट - आदि प्रयोग गरेर परिकल्पनाको परीक्षण गरिन्छ। तथ्यबाट प्राप्त परिणामहरूको व्याख्या गरेर अनुसन्धानको उद्देश्यसँग सम्बन्धित निष्कर्षहरू निकालिन्छ।

यदि शोधार्थीले लक्ष्मीप्रसाद देवकोटाका 'भलाद्मी', 'हाइहाइ अङ्ग्रेजी', 'गधा बुद्धिमान् कि गुरु' जस्ता निबन्धहरूको विश्लेषण गर्दै छ भने त्यसमा प्रयोग गरिने भाषा, उद्धरण, शैली र विश्लेषणको दृष्टिकोणमा निरन्तरता र एकरूपता आवश्यक हुन्छ। एउटै शोधमा कतै आलोचनात्मक दृष्टिकोण र कतै वर्णनात्मक शैली मिसिएर आयो भने पाठकमा भ्रम उत्पन्न हुन सक्छ। यसका साथै शोधमा प्रयोग हुने उद्धरण र सन्दर्भको उचित तरिकाले प्रयोग भएमा शोधशैली उचित ठानिन्छ।

शोधार्थीले कस्तो विधि प्रयोग गरेर शोध सम्पन्न गरेको हो, त्यसका आधारमा शोधविधिको अन्तःसम्बन्ध हेर्ने गरिन्छ। यदि गुणात्मक तथ्यको प्रयोग गरिएको छ भने विश्लेषणमा विषयवस्तु विश्लेषण प्रविधि प्रयोग गरिन्छ। यदि परिमाणात्मक विधिको प्रयोग गरेर तथ्य सङ्कलन गरिएको छ भने परिमाणात्मक तथ्याङ्कका आधारमा विश्लेषणका विधिहरू भिन्न हुन्छन्। तथ्यबाट प्राप्त परिणामहरूको व्याख्या गरेर अनुसन्धानको उद्देश्यसँग सम्बन्धित निष्कर्षहरू निकालिन्छ। शोधशैली र विधिको अन्तर्सम्बन्ध स्पष्ट नहुँदा अनुसन्धानको विश्वसनीयता र पठनीयता दुवैमा ह्रास आउँछ। शोधशैलीमा एकरूपता, सुसङ्गत उद्धरण प्रयोग, विधिको उपयुक्त छनोट र त्यसअनुरूप विश्लेषण विधिको प्रयोगले अनुसन्धानलाई सशक्त बनाउँछ।

शोधसामग्री निष्कर्षणका प्रक्रिया

अनुसन्धानका लागि सङ्कलित सामग्रीबाट आवश्यक सूचना, तथ्य वा तत्त्वहरूलाई व्यवस्थित तरिकाले छुट्याएर सङ्ग्रह गर्ने प्रक्रियालाई शोधसामग्रीको निष्कर्षण प्रक्रिया भनिन्छ। यसबाट विश्लेषण र व्याख्या गर्न

सहज बनाउँछ। निष्कर्षण विशेषगरी व्यवस्थित समीक्षा, गुणात्मक अनुसन्धान र मात्रात्मक अनुसन्धान दुवैमा अत्यन्त महत्त्वपूर्ण हुन्छ। सामान्यतया शोधसामग्री निष्कर्षणका प्रक्रियाहरू निम्नलिखित चरणहरूमा गरिन्छ:

निष्कर्षण योजना निर्माण :अनुसन्धान प्रश्न र उद्देश्यका आधारमा कुन प्रकारको सूचना निष्कर्षण गर्ने भनेर योजना बनाइन्छ। निष्कर्षण फाराम वा रुजुसूची तयार गरिन्छ। शोधसामग्री निष्कर्षण योजना बनाउँदा अध्ययनको नाम, लेखकहरू, प्रकाशन वर्ष र अध्ययनको स्थान टिपोट गरिन्छ। उमेर, लिङ्ग, स्वास्थ्य अवस्था र अन्य प्रासङ्गिक जनसाङ्ख्यिकीय आदि सहभागीका विवरणहरू उल्लेख गर्नुपर्छ। त्यसपछि मापन गर्ने उपकरणहरू, समय बिन्दुहरू र परिणामहरूको मापन विधि तयार पार्नुपर्छ। अन्तमा पक्षपातको जोखिम मूल्याङ्कनका लागि आवश्यक जानकारीहरू समावेश गर्नुपर्छ। यसको विवरण दोहोऱ्याएर निष्कर्षण गर्नुपर्छ। दुई समीक्षकहरूले स्वतन्त्र रूपमा तथ्यको निष्कर्षण गर्नु उपयुक्त हुन्छ। यसबाट त्रुटिहरू कम हुन्छन् र निष्पक्षता सुनिश्चित हुन्छ। यदि दुई समीक्षकहरूबिच मतभेद भयो भने तेस्रो समीक्षकका मद्दतले समाधान गर्नुपर्छ। सङ्कलित तथ्य सुरक्षित र व्यवस्थित रूपमा भण्डारण गर्नुपर्छ जसबाट भविष्यमा समीक्षा अद्यावधिक गर्दा सजिलो हुने अपेक्षा गरिन्छ (हिगिन्स र अन्य ,२०२२सन् ,पृ। एउटाले निष्कर्ष निकालेका (१४१-१०९. सामग्रीको समकक्षी मूल्याङ्कन गरेर मात्र प्रकाशन गर्नुपर्ने प्रावधान यसैमा आधारितभएर राखिएको देखिन्छ।

उपयुक्त सामग्री छनोट :अध्ययनको मापदण्डअनुसार सामग्री छनोट गरिन्छ। अप्रासङ्गिक सामग्री हटाइन्छ। अध्ययनको मापदण्डअनुसार सामग्री छनोट गर्ने प्रक्रिया र अप्रासङ्गिक सामग्री हटाउने विधिहरूमा ध्यान दिनुपर्छ गफ र अन्य), सन् २०१७।(१३२-९३.पृ , छनोट उपयुक्त हुन नसकेमा त्यसले दिने परिणाम पनि उपयुक्त नहुन सक्छ।

निष्कर्षणका उपकरण निर्धारण :तालिका, सफ्टवेयर ,एक्सेल ,कोभिडियन्स वा म्यानुअल फाराम प्रयोग गरिन्छ। लेखक, शीर्षक, वर्ष, विधि, परिणाम, प्रमुख निष्कर्ष आदि छुट्याउने तयारी गरिन्छ बोथ र ) ,२०१६न् स ,अन्यपृ(१०८. आफ्नो अध्ययनमा कुन उपकरणको प्रयोग गरिने हो त्यसको निर्धारण गर्न आवश्यक छ।

निष्कर्षण सामग्री सङ्गठ :समान विषयका तथ्यहरू समूहबद्ध गरी विश्लेषणका लागि सजिलो बनाइन्छ। क्रेसवेल (२०१८) अनुसार कोडिङ गर्नेनिमाल्ने प्रक्रिया व्याख्या गर्ने र सारांश ,तथ्य पहिल्याउने , अपनाउनुपर्छ।

विश्लेषण र निष्कर्षको अभ्यास :सर्वप्रथम अन्तराल पहिचान गर्नुपर्छ:जस्तै , 'हाइहाइ अङ्ग्रेजी'मा अङ्ग्रेजीप्रतिको मोह देखिन्छ तर मातृभाषाप्रति दृष्टिकोण अस्पष्ट छ। भाषा, वर्ग र चेतनाको सम्बन्धमा नयाँ दृष्टिकोण विकास गर्नुपर्ने अवस्था उल्लेख गर्नुपर्छ। यस्ता व्यङ्ग्यात्मक निबन्धहरू आजको समाजमा अझ प्रासङ्गिक किन छन् वा छैनन् भनी तिनको औचित्य स्थापना गर्नुपर्छ।

निष्कर्ष सङ्कलन :अनुसन्धानबाट आएका प्रमुख बिन्दुहरू सङ्क्षिप्त र स्पष्ट तरिकाले सङ्कलन गरिन्छ।"निष्कर्षहरू अनुसन्धान प्रश्नहरूको उत्तर दिने प्रमुख अन्तर्दृष्टिहरूमा निष्कर्षण गरेर तयार गरिन्छ। "

माइल), ह्युबरम्यान र साल्दाना, सन् २०१४, पृष्ठ २८०।( अनुसन्धानको प्राप्तिलाई निष्कर्षका रूपमा प्रस्तुत गर्नुपर्छ।

प्रमाण र सन्दर्भको प्रयोग :हरेक निष्कर्षलाई बलियो बनाउन ठोस प्रमाण र स्रोत उद्धरण प्रस्तुत गरिन्छ। प्रमाणमा आधारित निष्कर्षहरू गुणात्मक निष्कर्षहरूको वैधता देखाउनका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छन् क्रेसवेल), २०१४, पृ।(२०१ . बिना प्रमाण शोधले वैधता प्राप्त गर्न सक्दैन।

सैद्धान्तिक र व्यावहारिक निहितार्थ :प्राप्त निष्कर्षहरूबाट नयाँ सैद्धान्तिक अवधारणा वा व्यावहारिक सुझावहरू निकालिन्छ। निष्कर्षहरूको व्याख्याले अध्ययनको सैद्धान्तिक, व्यावहारिक र भविष्यमा गरिने अनुसन्धानका लागि पार्ने प्रभावहरूबारे विचार गर्छडेन्जिन र लिङ्कन) ", २०११, पृष्ठ ६४०(। यो शोधको मूल्यसँग सम्बन्धि पक्ष हो। यसबाट सैद्धान्तिक र व्यावहारिक उपलब्धि हासिल हुन्छ।

शोधसामग्रीको समग्री विश्लेषण गर्दा प्रारम्भमा शोधको उद्देश्य स्पष्ट पार्नुपर्छ। त्यसपछि पुस्तक, लेख, रिपोर्ट, अनलाइन स्रोत आदि शोध सामग्री सङ्कलन र तिनको गुणवत्ता र विश्वसनीयता मूल्याङ्कन गर्नुपर्छ। सङ्कलित सामग्रीलाई मुख्य विषय र उपविषयमा वर्गीकृत गरेर प्रतिवेदन, ग्राफ, तालिका र चित्रहरूको विश्लेषण गर्नुपर्छ। अनुसन्धान सामग्रीको गहिरो विश्लेषणबाट निष्कर्ष तयार पारी निष्कर्षहरू शोध उद्देश्यसँग मिलाएर पुष्टि गर्नुपर्छ। अनुसन्धानको परिणामलाई व्यवस्थित र स्पष्ट रूपमा पाठकहरूसमक्ष प्रस्तुत गरेर शोधको महत्त्व र योगदानबारे जानकारी दिने तरिकाले तथ्यको प्रतिवेदन तयार पारेर प्रस्तुतीकरण गर्नुपर्छ। अनुसन्धानको प्रत्येक स्रोतलाई उचित ढङ्गले सन्दर्भ दिनुपर्छ।

निष्कर्षण अनुसन्धानको अन्तिम तर निर्णायक चरण हो। विश्लेषणबाट प्राप्त तथ्यहरूको संश्लेषण गरी अनुसन्धाताले सुसङ्गत, प्रमाणयुक्त र तार्किक विचार प्रस्तुत गर्छ। निष्कर्षले निम्नलिखति कार्य गर्छ:

- अध्ययनको समग्र सार निकाल्ने,
- समस्या समाधानको दिशा दिने,
- नयाँ विचार वा प्रतिमानको निर्माण गर्ने,
- नीति निर्माण वा व्यावहारिक प्रयोगका लागि सुझाव दिने (बेस्ट एन्ड कान, सन् २००६, पृ. ३००) ।

यसरी निकालिएको निष्कर्ष वैध, प्रामाणिक र उचित मूल्ययुक्त बन्ने देखिन्छ।

निष्कर्ष निकाल्ने अभ्यास

तथ्य विश्लेषणपश्चात् निष्कर्ष तयार गर्दा अनुसन्धान उद्देश्य, प्रश्न र उपलब्ध प्रमाणहरूलाई केन्द्रमा राख्नुपर्छ। अति सामान्यीकरण, व्यक्तिगत धारणा वा पूर्वानुमान निष्कर्षमा राख्न हुँदैन। निष्कर्ष स्पष्ट, सुसङ्गत र स्रोतअनुकूल हुनुपर्छ। शोधसामग्री निष्कर्षण कुनै यान्त्रिक काम नभई यो साहित्यिक, सामाजिक र सन्दर्भजन्य चेतनाको अभ्यास हो। देवकोटाका निबन्धहरूमा निहित व्यङ्ग्यात्मक तत्त्वहरूलाई सूक्ष्मरूपमा छुट्याएर हेर्ने हो भने समाजका विरोधाभासहरू, भाषिक विसङ्गतिहरू र बौद्धिक विडम्बनाहरू स्पष्ट देखिन्छन्। निष्कर्षण प्रक्रियाले यिनलाई उजागर गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ।

## निष्कर्ष

प्रस्तुत शीर्षकमा आधारित शोधलेखमा 'शोधसामग्री विश्लेषण र निष्कर्षण प्रक्रिया''शोधसामग्री विश्लेषण र निष्कर्षणका प्रक्रियाको वर्णन गर्ने' प्रमुख उद्देश्य र 'शोधसामग्रीको विश्लेषण र निष्कर्षणका प्रक्रिया के हुन्' भन्ने प्रमुख समस्यालाई आधार बनाइएको छ। यो लेख गुणात्मक ढाँचामा आधारित छ। गुणात्मक ढाँचाले तथ्यलाई गहिराइबाट अन्वेषण, वर्णन, क्रमबद्धता, व्याख्या र गर्दै अर्थपूर्ण निष्कर्ष निकाल्छ। विवरणात्मक तथा विश्लेषणात्मक ढाँचामा विश्लेषित यस शोधलेखमा सोद्देश्यमूलक नमुना छनोट विधि तथा अनुसन्धानमूलक पुस्तकहरू तथ्य सङ्कलनका लागिलेखहरू जस्ता , दस्तावेज विश्लेषण प्रविधि प्रयोग गरिएको हुनाले द्वितीयक स्रोतका सामग्रीको प्रयोग गरिएको छ। यसरी सङ्कलित सामग्रीको तर्किकतातुलनात्मक र , ,विषयवस्तु विश्लेषण ,व्याख्यात्मक विश्लेषण विधिको प्रयोग गरिएको छ। सामग्री विश्लेषण सिद्धान्त सैद्धान्तिक पर्याधार :त्मक विश्लेषण र सन्दर्भको व्याख्या र शोधशैली र विधिको अन्तःसम्बन्धलाई मुख्यततर्का बनाइएको छ।

शोधसामग्री विश्लेषण र निष्कर्षण प्रक्रिया अनुसन्धानको मेरुदण्ड हो। विश्लेषणबिना सामग्री केवल तथ्यहरूकै सङ्ग्रह रहन्छ भने निष्कर्षणबिना अनुसन्धान अपूर्ण हुन्छ। यस लेखले अनुसन्धानका यी दुई पक्षका सैद्धान्तिक र व्यावहारिक आयामलाई स्पष्ट पार्दै भावी अनुसन्धानकर्ताका लागि मार्गदर्शन प्रस्तुत गरेको छ। यस लेखमा शोधसामग्री विश्लेषण र निष्कर्षणका प्रक्रियालाई 'लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य' शीर्षकलाई उदाहरणका रूपमा दिई विश्लेषण र निष्कर्षणका प्रक्रियाहरूको वर्णन गरिएको छ। यसबाट अनुसन्धानलाई वैज्ञानिक, प्रयोगात्मक र सन्देशप्रदत्त बनाउन मद्दत मिल्ने अपेक्षा गरिएको छ। अनुसन्धाताले विषयअनुसार यथोचित विधि अपनाएर सामग्री विश्लेषण गर्दै उद्देश्यअनुकूल निष्कर्ष निकालेको अवस्थामा अनुसन्धानको सार्थकता हुने देखिन्छ। शोधकर्ताले उपयुक्त विधि र शैली छान्दै, विश्लेषण र निष्कर्षण प्रक्रियामा सावधानी अपनाए मात्रै अनुसन्धानको उद्देश्य पूरा गर्न सकिन्छ। यसले न केवल वर्तमान ज्ञानमा योगदान पुऱ्याउँछ बरु भविष्यका अनुसन्धानका लागि नयाँ प्रतिमान, नीति र व्यावहारिक सुझावहरूको मार्ग प्रशस्त गर्छ। यसैले शोधसामग्री विश्लेषण र निष्कर्षणलाई अनुसन्धानको ‘जीवनशक्तिभन्न सकिन्छ ’ जसले तथ्यलाई अर्थमा रूपान्तरण गरी सामाजिक परिवर्तन र बौद्धिक विकासमा भूमिका खेल्दछ।

## सन्दर्भ सामग्रीसूची

बेली, एस. (सन् २०१८). शैक्षिक लेखन: अन्तर्राष्ट्रिय विद्यार्थीहरूका लागि एक पुस्तिका (पाँचौँ संस्क.). रूटलेज।

बेस्ट, जे. डब्ल्यू. र कान, जे. वी. (सन् २००६). शिक्षामा अनुसन्धान (दसौँ संस्क.). पियर्सन शिक्षा।

ब्राउन, वी. र क्लार्क, वी. (सन् २००६). मनोविज्ञानमा विषयगत विश्लेषण प्रयोग गर्दै 'मनोविज्ञानमा गुणात्मक अनुसन्धान', ३(२), ७७–१०१। https://doi.org/10.1191/1478088706qp063oa

कोक्रेन पुस्तिका (हिगिन्स, जे. पी. टी., थोमस, जे., चान्डलर, जे., कम्पस्टन, एम., ली, टी., पृष्ठ, एम. जे. र वेल्च, वी. ए., एड्स). (सन् २०२२). हस्तक्षेपहरूको व्यवस्थित समीक्षाका लागि कोक्रेन पुस्तिका,कोक्रेन. https://training.cochrane.org/handbook/current

क्रेसवेल, जे. डब्ल्यु. (सन् २०१२). शैक्षिक अनुसन्धान: मात्रात्मक र गुणात्मक अनुसन्धानको योजना, सञ्चालन र मूल्याङ्कन (चौथो संस्क.). पियर्सन शिक्षा।

क्रेसवेल, जे. डब्ल्यु. र पोथ, सी. एन. (सन् २०१८). गुणात्मक सोधपुछ र अनुसन्धान डिजाइन: पाँच दृष्टिकोणहरू मध्ये छनौट (चौथो संस्क.). सेज प्रकाशन।

डेन्जिन, एन. के. र लिंकन, वाई. एस. (सम्पा.). (सन् २०११). गुणात्मक अनुसन्धानको सेज पुस्तिका (चौथो संस्क.). सेज प्रकाशन।

गफ, डी., ओलिभर, एस. र थोमस, जे. (सन् २०१७). व्यवस्थित समीक्षाको परिचय (दोस्रो संस्क.). सेज प्रकाशन।

क्रिपेन्डोर्फ, के. (सन् २००४)। सामग्री विश्लेषण: यसको कार्यप्रणालीको परिचय (दोस्रो संस्करण)। सेज प्रकाशन।

कोठारी, सी. आर. (सन् २००४). अनुसन्धान पद्धति: विधि र प्रविधिहरू (दोस्रो संस्क.). नयाँ युग अन्तर्राष्ट्रिय प्रकाशन।

माची, एल. ए. र म्याकइभोय, बी. टी. (सन् २०२१). साहित्य समीक्षा: सफलताका छ चरणहरू (चौथो संस्क.). कोर्विन।

मार्सल, सी. र रसम्यान, जी. बी. (सन् २०१६). गुणात्मक अनुसन्धान डिजाइन गर्दै (छैटौं संस्क.). सेज प्रकाशन।

माइल्स, एम. बी., ह्युबरम्यान, ए. एम. र साल्दाना, जे. (सन् २०१४). गुणात्मक डेटा विश्लेषण: एक विधि स्रोतपुस्तिका (तेस्रो संस्क.). सेज प्रकाशन।

मोहर, डी., लिबेराटी, ए., टेट्ज्लाफ, जे., अल्टम्यान, डी. जी. र द प्रिज्मा समूह (सन् २००९). व्यवस्थित समीक्षा र मेटा-विश्लेषणका लागि मनपर्ने रिपोर्टिङ वस्तुहरू: प्रिज्मा कथन. प्लोस मेडिसिन, 6(7), e1000097
https://doi.org/10.1371/journal.pmed.1000097.

न्युमन, डब्लु. एल. (सन् २०११). सामाजिक अनुसन्धान विधिहरू: गुणात्मक र मात्रात्मक दृष्टिकोणहरू (सातौँ संस्क.). पियर्सन शिक्षा।

क्वेट्रेल, पी. (सन् २०११). प्रभावकारी शैक्षिक लेखन: निबन्ध. अक्सफोर्ड विश्वविद्यालय प्रेस।

साल्डाना, जे. (सन् २०१६). गुणात्मक अनुसन्धानकर्ताहरूको लागि कोडिङ पुस्तिका (तेस्रो संस्क.). सेज प्रकाशन।

स्वालेस, जे. एम. र फेक, सी. बी. (सन् २०१२). स्नातक विद्यार्थीहरूका लागि शैक्षिक लेखन: आवश्यक कार्यहरू र सिपहरू (तेस्रो संस्क.). मिसिगन विश्वविद्यालय प्रेस।